**श्री मधुवन नगरपालिकाको आठौं नगरसभामा नगर उपप्रमुख श्री सुवरानी थारुज्यू बाट**
**<u>प्रस्तुत नीति, कार्यक्रम तथा बजेट</u>**

**अध्यक्ष श्री गणेश बहादुर क्षेत्री ज्यू,**
**उपस्थित सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरु,**
**उपस्थित सम्पूर्ण नगरकार्यपालिकाका सदस्यज्यूहरु,**
**उपस्थित सम्पूर्ण वडा सदस्यज्यूहरु,**
**उपस्थित पत्रकार मित्रहरु,**
**उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु ।**

१. बर्दिया जिल्लाको करिब विचोविच भागमा अवस्थित यस मधुवन नगरपालिकाको गरिमामय आठौं नगरसभामा नगर उप–प्रमुखको हैसीयतले आ=ब= २०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट पेश गर्ने अवसर प्राप्त भएकोमा गौरव महशुस गरेकी छु । यस सुवर्ण अवसर प्राप्त गर्नका लागी राजनीतिक परिवर्तन ल्याउन आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण जनयुद्धका ज्ञात, अज्ञात लोकतान्त्रिक आन्दोलनका आदरणीय महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली तथा सम्मान प्रकट गर्न चाहान्छु । कोरोना महामारी कोभिड १९ को कारण जीवन गुमाएका सबै मृतक प्रति हार्दिक श्रद्धान्जली अर्पण र शोकाकुल परिवारजन प्रति समवेदना प्रकट गर्दै संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

२. नेपालमा संविधान निर्माण संगै मुलुकमा आर्थिक समानता, समृद्धी र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागीतामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प सहित मधुवन सरकारका कार्यहरु र नेपाल सरकारका उल्लेखित कार्यहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ नगर कार्यपालिका (कार्य बिभाजन) नियमावली २०७४, नगर कार्य सम्पादन नियमावली, २०७४ मा गरिएको व्यवस्था अनुसार सहभागितामुलक ढंगले यो नीति तथा कार्यक्रम पेश गरेकी छु ।

३. यस नगर सभामा प्रस्तुत हुने नीति तथा कार्यक्रमहरुले नेपाल सरकारले लिएको दिगो विकास लक्ष्य, राष्ट्रिय तथा क्षेत्रगत लक्ष्य प्राप्त गर्ने तथा योजना तर्जुमाका क्रममा मधुवन नगरपालिकाका विभिन्न विषयगत शाखा तथा निर्वाचित जनप्रतिनिधि, बुद्धिजिवी र हरेक क्षेत्रमा सरोकार राख्ने महानुभावहरुको राय, सुझाव एंव चालु आ.ब. को नीति कार्यक्रम तथा बजेट को कार्यान्वयनबाट प्राप्त उपलब्धीका आधारमा आ.ब. २०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट तयार पारी प्रस्तुत गरिएको छ । यस नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनबाट यस नगरपालिकाले लक्षित गरेका उद्धेश्यहरु हासिल गर्नका साथै लक्ष्य प्राप्त गर्न टेवा पुग्ने विश्वास लिइएको छ ।

अध्यक्ष महोदय,

४. नेपाली जनताको लामो सङ्घर्ष पछि नयाँ युगमा प्रवेश गरेका छौ । आफ्नो संविधान आफै लेख्न सफल भएका छौ तर पनि यो संविधानलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न अझै थुप्रै चुनौतीहरु हाम्रो सामु विद्धमान छन् । देशका मुख्य राजनीतिक शक्तिहरुले आफ्नो दलीय हठ भन्दा जनताको चाहनालाई सर्वपरि राखेर अधिकतम

लचकताका साथ अगाडी बढ्नुको आजको विकल्प देखिदैन । नेपालको प्रभु सत्ताका वाहक नेपाली जनता भएकाले राज्यको व्यवस्थालाई निरङ्कुस हुन नदिन शक्ति बाँडफाडको व्यवस्था गरीएको छ । जसमा न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका तथा अन्य संम्बैधानिक आयोग निर्माण गरी जन निर्वाचित प्रतिनिधिहरुको जिम्मेवारी तोकेर स्वतन्त्र र स्वायत्त भइ काम गर्ने व्यवस्था गरीएको अनुरुप यस मधुवन नगरपालिकामा पनि हामी जनताका जनप्रतिनिधीहरु अनेक परिस्थिति र प्रतिकुलताका बावजुद पनि सीमित श्रोत र साधनको प्रयोग गरी जनताको बढ्दो आकाङ्क्षालाई अधिकतम प्रतिफल दिने प्रयास गरेका छौ ।

५. मधुवन नगरपालिकाको आगामी वर्षको वजेट तर्जुमा गर्दा मैले जनआकाङ्क्षा र जनताको आवश्यक्ताको वीचमा सामान्जस्यता मिलाई सक्रिय जन सहभागिता हुने गरि जातिय र क्षेत्रीय विभेदको अन्त्य गर्दै सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाती,मधेशी, थारु, अल्पसंखक, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, सुकुम्बासी, मुक्तकमैया, बालबालिका, पिछडा वर्ग, आर्थिक रुपले विपन्न खस, आर्य लगायत सवैलाई समावेशी सिद्धान्तका आधारमा सम्बोधन गर्ने प्रयाश गरेकी छु ।

**अध्यक्ष महोदय,**

६. अब म आगामी आ.ब. २०७८।०७९ को बजेट तथा कार्यक्रमका उद्धेश्य, प्राथमिकता र नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क. लक्ष्य**–

- मधुवन नगरवासीहरुलाई सामाजिक, सांस्कृतिक, आर्थिक र कृषि क्षेत्रमा पूर्ण आत्मनिर्भर, समुन्नत र स्वावलम्बी बनाउने।
- कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचार गर्न र यस प्रकारको महामारी विरुद्ध स्वास्थ्य प्रणालीलाई सवल र सुदृढ बनाउने ।

**ख. उद्धेश्यहरु**

- यस नगरपालिकालाई प्राप्त हुने स्रोत साधनको उच्चतम उपयोग गरि नगरबासीहरुको आर्थिक, सामाजिक र भौतिक विकास गर्ने ।
- नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित ऐन कानुन द्वारा प्रत्याभूत गरियका अधिकारहरुको निर्वाद उपयोग गर्ने वातावरण सिर्जना गरि नगरबासीको सर्वाङ्गिण विकाश गर्ने ।
- कोभिड –१९ सक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्वारेन्टाइनमा राख्ने, संक्रमितहरुलाई आवश्यक उपचारको व्यवस्था मिलाइने ।
- पिछडीएका वर्ग, लिङ्ग, जात, जातिको सचेतना बृदि गर्दै सिपमुलक तथा आयमुलक कार्यक्रमहरु संचालन गर्ने ।
- सार्बजनिक जग्गा, बाटो,तालतलैया, उद्यान, पार्क, वन–जंगल नदि खोलानाला आदिको संरक्षण गर्ने ।
- निर्माणाधिन नगर कार्यपालिकाको भवन निर्माण सम्पन्न गर्ने, सबै वडा कार्यालयहरुको भवन निर्माण गर्ने ।

- नगर भित्रका बसपार्क, मासुपसल, बधसाला तरकारी तथा हाटबजारलाई व्यवस्थित गर्ने
- सार्बजनिक विद्यालयको स्तरोन्नती गर्ने, शिक्षालाई गुणस्तरीय प्रतिस्पर्धी र व्यवसायिक बनाउने ।
- फोहोरमैला तथा ल्यान्डफिल्ड साइटको निर्माण कार्यलाई व्यवस्थित ढंगले अगाडि बढाउने
- कृषि पशुपालनलाई सम्मानित पेशाको रुपमा आकर्षित बनाइने ।
- नगर भित्रका गौरवका आयोजनालाई प्राथमिकिकरण गरी बजेट व्यवस्थापन गरिने ।
- नगर भित्र संचालित घरेलु, साना तथा ठुला उद्योगलाई प्रोत्साहन गरिने ।

बजेटमा उल्लेखित उद्धेश्यहरु हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न मधुवन नगरपालिका सरकारले आम नगरबासिहरु विकाश साझेदार सँस्थाहरु, संघिय र प्रदेश सरकारसंग समन्वय र साझेदारी गर्नेछ । उपलब्ध पूँजी सिप र क्षमताको उच्चतम उपयोग गर्न निजि, सरकारी तथा गैरसरकारी सस्थासंग सहकार्य गर्नेछ ।

**ग. प्राथमिकता**

- भौतिक पूर्वाधार र शहरी विकास
- आधारभूत तथा माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धि कार्य
- कृषि प्रसारको व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धि कार्य
- स्वास्थ्य खानेपानी योजना कार्यन्वयन नियमन एबं खानेपानी व्यवस्थापन
- तटबन्ध, नदि नियन्त्रण
- खेलकुद बिकाश
- यातायात
- होम स्टे संचालन तथा पर्यटन प्रवर्धन
- घरेलु, साना तथा ठुला उद्योग

# भौतिक पुर्वाधार तथा शहरी विकास

- सडक बोर्ड नेपाल र अन्य निकाय समेतबाट प्राप्त हुने अनुदान रकम अन्तर्गत संचालन हुने कार्यक्रमहरुको कार्यन्वयनमा तिब्रता ल्याउन उपभोक्ता समितिहरुलाई सवल र सक्षम बनाउने कार्यक्रम संचालन गरिने छ ।
- विकास निर्माणका कार्यमा संलग्न उपभोक्ता समितिले गरेका कार्यहरुको मूल्याङ्कन गरि सर्बोत्कृष्ट कार्य गर्नेलाई सम्मान गरिनेछ ।
- नगर क्षेत्र भित्र प्रयोगमा रहेका खुल्ला सार्वजनिक स्थानको संरक्षण सम्बर्धन गर्ने।
- नगर क्षेत्रको सडक संजालमा सबै नगरवासीहरुको पँहुच बढाउन आवश्यकता र औचित्यको आधारमा सडक गुरुयोजना अनुसार नयाँ सडकको निर्माण र भएका सडकहरुको स्तरोन्नती गरिनेछ ।
- स–साना आयोजना सन्चालन गर्नुको साटो समयमै सम्पन्न गर्न सक्ने उपलब्धिमुलक आयोजना सन्चालन गर्दा गुणस्तरलाई उच्च प्राथमिकता दिईने छ ।
- विद्यालय तथा सरकारी भवनको हाता पूर्ण सरसफाई र वातावरण मैत्री बनाईनेछ।

▪ नगर भित्र निर्माण भइ रहेका आवासिय तथा व्यापारिक भवनहरुलाई भवन मापदण्ड बमोजिम निर्माण गर्नका लागि सचेतना कार्यक्रम गरिने छ ।

▪ घर तथा भवन निर्माण सम्पन्नता प्रमाण पत्र प्रदान गर्दा उल्लेखित घर तथा भवन निर्माणकर्ताले घर भवन निर्माण गर्दा प्रयोग गरेको निर्माण सामाग्रीलाई सडक तथा सार्वजनिक स्थलबाट हटाए पछि मात्र निर्माण सम्पन्नताको प्रमाण पत्र प्रदान गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

▪ स्थानीय भवन संहिता, आवधिक योजना, नगर गुरुयोजना, सडक सन्जाल गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याई नगर क्षेत्रलाई थप व्यवस्थित बनाईनेछ ।

▪ नगर विकास योजनालाई आवधिक योजनासँग जोडी विकास निर्माणका कार्य गरिनेछ।

▪ पूर्वाधार विकास शाखा अन्तरगतका प्राविधिक कर्मचारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम दिइनेछ ।

## शिक्षा तथा खेलकुद

"शैक्षिक गुणस्तर, मधुवन नगरपालिकाको समृद्धिको आधार"

- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न बिशेष ध्यान दिइनेछ ।
- विद्यालयमा लागुपदार्थ दुर्व्यसनीय विरुद्वको अभियान, योग अभ्यास, बाल मनोपरामर्श सेवा कार्यक्रम, बालक्लव क्षमता विकास कार्यक्रम, शिशु स्याहार कार्यक्रम अगाडी बढाइनेछ ।
- प्राविधिक शिक्षालाई प्रोत्साहन गर्न एक वडा एक प्राविधिक शिक्षालय स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ठाँउमा दरबन्दी मिलान गर्दै कार्यक्रमलाई अगाडी बढाइनेछ, कमजोर सिकाई उपलब्धी भएका विध्यार्थीहरुलाई शैक्षिक सुधार गर्न अतिरिक्त कक्षा सञ्चालनको लागी रकम उपलब्ध गराईनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरणलाई निरन्तरता दिइनेछ ।
- विद्यालय कर्मचारी, प्र.अ. लाई IEMIS र लेखा सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी अर्न्तनिहीत प्रतिभाको प्रस्फुटन गरिनेछ ।
- मधुवन नगरपालिकामा सामुदायिक विद्यालयमा अग्रेजी माध्यमलाई प्रोत्साहन गर्न बाल विकास देखि कक्षा ४ सम्म अंग्रेजी माध्यमबाट कक्षा सन्चालन गर्ने, नि:शुल्क पाठ्यपुस्तक र थप शिक्षकको व्यवस्था गरीनेछ ।
- बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरु लाई प्रोत्साहन अनुदान लाई निरन्तरता दिइनेछ ।
- एक विद्यालय एक फुलवारीको अवधारण अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबिकाश देखि कक्षा ५ सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत सवै बालबालिकाहरुलाई दिवा खाजाको व्यवस्थालाई निरन्तरता दिइने र जङ्क फुड लाई पूर्ण रुपमा निषेधित गर्दै खाजा कार्यक्रमलाई विद्यार्थीको सिकाई अभिवृद्धि संग जोडिनेछ
- विद्यालयको भौतिक विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- नगरस्तरीय शैक्षिक योजना, स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन गरिनेछ ।
- नगर भीत्रका टुहुरा, असहाय बालबालिकाहरुलाई निशुल्क आवास र अध्ययनको व्यवस्थापनमा निरन्तरता दिइनेछ ।
- नगरभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीलाई स्मार्ट परिचय पत्र वितरण गरिनेछ ।
- सामुदायिक विद्यालयका भवनहरुको मर्मत संभार, रंगरोगन तथा भित्तेलेखन सहितको कक्षाकोठा व्यवस्थापन लाई निरन्तरता दिइनेछ ।
- नगरस्तरीय शैक्षिक समारोह सञ्चालन गरी उत्कृष्ट विद्यार्थी, उत्कृष्ट शिक्षक र प्रधानाध्यापकलाई पुरस्कृत गरिनेछ र अवकाश प्राप्त शिक्षकहरु लाई सम्मान गरीनेछ ।
- मधुवन नगरपालिका भित्रका बिद्यालय बालमैत्री कक्षा कोठा, शौचालय, फिल्टर सहित खानेपानी र किशोर बालिकामैत्री शौचालय साथै अपाङ्गमैत्री पूर्वाधारको व्यवस्था गरिनेछ ।
- विद्यालयमा दरबन्दी र विद्यार्थी संख्या अनुसार बालबिकास सहजकर्ता, शिक्षक विद्यार्थी दरबन्दी र विषयगत दरबन्दी मिलान गरी विद्यालयको शिक्षण सिकाईमा सुधार गरिनेछ ।
- मधुवन नगरपालिकाको सातौं नगर सभाबाट पारित नगर शिक्षा ऐन तथा नियमावलीलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- अभिभावकहरुमा शिक्षाको महत्व बारेमा अर्थपूर्ण बुझाईको सचेतना कार्यक्रम गर्ने र बालबालिकाहरुको विचैमा कक्षा छोड्ने दरमा कमी ल्याउने र सिकाई उपलब्धी वृद्धी गरिनेछ ।
- आर्थिक अवस्था कमजोर र विपन्न परिवारका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई अध्ययनको व्यवस्था मिलाईनेछ ।
- विद्यार्थीहरुको शैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गर्नका लागि विद्यालयहरुमा पुस्तकालय, कम्प्यूटर ल्याब, ई–लाइब्रेरी, विज्ञान प्रयोगशालाका साथै ICT का अन्य सामाग्रीको व्यवस्थापन र प्रयोग गरी गुणस्तरमा वृद्धि गरीनेछ ।
- विद्यालयको शैक्षिक, आर्थिक र अन्य प्रशासनिक कार्यलाई थप प्रभावकारी गराउन विद्यालयमा राजनैतिक हस्तक्षेप रोकावट गरी प्रधानाध्यापकलाई थप जिम्मेवार बनाईनेछ।
- विद्यालयको निरिक्षण तथा अनुगमन कार्यलाई शसक्त बनाउने र शैक्षिक गुणस्तर सुधारका लागि आन्तरिक निरिक्षण तथा सुपरीवेक्षण गरी पृष्ठपोषण दिइनेछ ।
- विद्यालयले सरोकारवालाका लागि बडापत्र, गुनासो पेटिका राख्ने व्यवस्था गर्ने तथा विद्यार्थी, अभिभावक र शिक्षक आचार संहिता निर्माण गरी प्रदर्शन गरिनेछ ।
- कोभिड १९ को संक्रमणको कारण विद्यालयमा पठनपाठन हुन नसकेकाले बैकल्पिक माध्यम अवलम्वन गरी शिक्षण सिकाईलाई निरन्तरता दिईनेछ ।
- खेलकुद विकासमा युवाहरुलाई अभिप्रेरित गरी बढि भन्दा बढि युवालाई सारिक गराउन सबै प्रकारका खेलहरुलाई प्रोत्साहित गरिने छ । यस नगर क्षेत्रबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सहभागिता जनाई पदक प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान गरिनेछ ।
- युवाहरुलाई खेलकुद स्वास्थ्यका लागी खेलकुद राष्ट्रका लागी भन्ने मुल नारालाई आत्मसाथ गरी अघि बढिनेछ ।
- युवालाई विभिन्न खेलकुदमा सहभागी गराई अनुशासित र स्वस्थ नागरिक उत्पादन गरी राष्ट्रिय स्तरमा पुराउन पहल गरिनेछ ।

- युवालाई आफ्नै देशमा केहि गरौ उत्पादन बढाउ भन्नका लागी युवा उद्धयमी हरुले पशुपालन र कृषिमा लिएको कर्जाको व्याज नगरपालिकाले बेहोर्ने व्यवस्था गरिनेछ।
- युवाका लागी लागु औषध तथा दुर्व्यसनीबाट बच्नका लागी चेतनामुलक कार्यक्रम चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका भित्र नगरपालिकाको लगानीमा प्रत्येक वडाबाट विपन्न महिला तथा युवा उद्धमी पहिचान गरी तालिम र व्यवसाय संचालनका लागी आवश्यक वजेट सहित व्यवस्था गरिनेछ ।
- सबै विद्धालयमा खेलकुद क्रियाकलापलाई अनिवार्य गरिनेछ । अतिरिक्त खेलकुद क्रियाकलाप संचालन गरिनेछ ।

## स्वास्थ्य

**"मधुवनको लक्ष्य, घर–घरमा स्वास्थ्य"**

- संघीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुनेगरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।
- आधारभुत अस्पताल, कोभीड अस्थायी अस्पताल, स्वास्थ्य चौकीहरु तथा आधारभुत स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिदै आएका स्वास्थ्यसेवाहरुलाई थप गुणस्तरीय बनाउन र औषधि उपकणको अभाव हुन नदिन बजेट विनियोजन गरिनेछ । साथै नगरपालिकाभित्र बसोबासगर्ने गरिव, सिमान्तकृत तथा पछाडि परेका समुदाय भएका क्षेत्रहरुमा आवश्यकताका आधारमा स्वास्थ्य सेवाको विस्तार गर्दै लगिने छ ।
- मधुवन नगरपालिकामा २५ शैयाको सुविधासम्पन्न अस्पताल निर्माण गर्ने कार्य शुरु भैसकेकोले सो कार्यलाई यस आर्थिक बर्ष विशेष प्राथमिकताका साथ सम्पन्न गर्ने तर्फ कार्य अगाडी बढाइनेछ । साथै अस्पताल निर्माण पछि विपन्न परिवारलाई निशुल्क औषधी उपचारको व्यवस्था गरिनेछ ।
- अति विपन्न, सिमान्तकृत तथा पछाडि परेका समुदायका गर्भवती, प्रसुती तथा सुत्केरी अवस्थामा जटिलयुक्त समस्या भएका महिलाहरुको प्रेषण ब्यवस्थापन गर्न आर्थिक कठिनाई पर्दा तत्काल सापटी रकम उपलब्ध गराउने उद्देश्यले प्रसुती केन्द्र भएका स्वास्थ्य संस्थाहरुमा स्थापित आकष्मिक चक्रकोषलाई थप प्रभावकारी तथा दिगो बनाउन आवस्यक कानुन तथा निर्देशिका बनाई लागु गरिनुका साथै कोष सञ्चालनको निम्ति आवस्यक बजेट विनियोजन गरिनेछ ।
- आधारभुत अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा, सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा, बहिरंग र अन्तरंग सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन अत्यावश्यक पर्ने श्रोत ब्यवस्था गरिने छ ।
- स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल बढाउने तथा स्वास्थ्य क्षेत्र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ । साथै आधारभुत स्वास्थ्य केन्द्रका स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिहरुको जिम्मेवारीलाइ थप सुदृढ तथा प्रभावकारी बनाउनआवस्यक पहल गरिनेछ ।
- जोखिममा रहेका र वञ्चितीमा परेका जनताको स्वास्थ्यसम्बन्धी विशेष आवश्यकता पूरा गरी उनीहरूको स्वास्थ्यसेवा माथिको समतायुक्त पहुँच एवम् उपयोग सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

- नगरपालिका स्तरको महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गरिनेछ ।
- नगरपालिकाका बासीन्दालाई प्रदान गरिने स्वास्थ्य सेवालाई व्यवस्थित गरि थप गुणस्तरीय र प्रभावकारी बनाउन नगरपालिकाको स्वास्थ्य निती र स्वास्थ्य ऐन तर्जुमा भईसकेकोले कार्यान्वयनमा लगिने छ ।
- स्वास्थ्य सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरु वाटै अनलाइन माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै समिक्षा प्रणालीलाई थप ब्यवस्थित बनाइने छ ।
- कोरोना भाइरस रोगको संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि प्रदेश र संघिय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवस्थापन गरिने छ ।
- प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी मधुवननगरपालिकाको उपयुक्त ठाउँ पहिचान गरी सर्पदंश उपचार केन्द्र र ट्रमा सेन्टरसंचालनतथा ब्यवस्थापनका लागि बजेट विनियोजन गरिनेछ ।
- विशेष गरी थारु समुदायमा देखिने सिकलसेल एनेमियाका विरामीहरुको उपचारको प्रवन्ध र यस सम्वन्धि चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ ।
- विगत वर्षदेखि सञ्चालित जेष्ठ नागरिक, ५ वर्ष मुनिका बालबालीकाहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलब्ध गराउदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप ब्यवस्थित बनाइने छ ।
- विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने ब्यवस्था गरी किशोर किशोरीहरुलाई उचित परामर्शको ब्यवस्था गरिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहनका लागि आवस्यक ब्यवस्था गरिने छ ।
- उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ ।
- नगर क्षेत्रबाट निस्कने फोहोरको उचित ब्यवस्थापन गरी वातावणरीय प्रदुषण कम गर्नुका साथै सरुवा रोगको नियन्त्रण गर्ने कार्यलाई समेत प्राथमिकता दिइने छ ।
- स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था साथै दातृ निकायहरुसंग समन्वय गरी स्वास्थ्य क्षेत्रमा स्रोतको ब्यवस्थापन गर्न पहल गरिने छ ।
- न्यूनतम सेवा मापदण्ड ( Minimum Service Standard ) तथा राष्ट्रिय चिकित्सा मापदण्ड ( National Medical Standard ) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।
- नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुव्र्येसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न्न प्रोत्साहन र प्रवद्धन गरिने छ ।
- नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै ( स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति

ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

- सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, पोषण , क्षय/कुष्ठ , औलो , परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबद्र्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पु¥याउने रणनीति अबलम्बन गरिनेछ ।
- पुर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यम राख्नका लागी नगरपालिकाको सबै वडाहरुमा घरधुरी सर्बेक्षण गरिनेछ ।
- स्वास्थ्यमा सबैको पहुच पुर्याउन बिपन्न सबै बस्तीहरुमा एम्बुलेन्स सेवा उपलब्ध हुने गरी पुर्बाधार निर्माण गरिनेछ र नगरबासीहरुको हितलाई ध्यानमा राख्दै उपलब्ध गराईएको रकममा २५% रकम छुट दिने ब्यबस्था कायमै राखिनेछ ।
- **कोभीड १९ रोगको रोकथाम, नियन्त्रण र उपचारका कार्यका लागीः**

क ) कोभीड १९ रोगको रोकथाम नियन्त्रण र उपचारका कार्यका लागी प्रयाप्त रकम बिनियोजन गरिनेछ ।

ख) आबश्यकताका आधारमा कोभीड अस्पतालमा रहेको आईसोलेसन कक्षलाई स्तरबृद्धि र सुदृढीकरण गर्दै लगिनेछ ।

ग ) कोभीड १९ रोगको रोकथाम नियन्त्रण र उपचारका कार्यका लागी प्रत्यक्ष संलग्न रहेका सम्पुर्ण स्वास्थ्यकर्मिहरु, प्रयोगशालाकर्मिहरु , सरसफाईकर्मिहरु तथा एम्बुलेन्स चालक लगायत यस कार्यमा संलग्न जनशक्तिलाई जोखिम तथा प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

घ ) कोभिड १९ को संक्रमण बढ्दै गएमा र हालको जनशक्तिले धान्न नसक्ने अबस्था सृजना भएमा बाह्य जनशक्ति करारमा लिई कार्य गर्ने नीति अबलम्बन गरिनेछ ।

- स्वास्थ्य सम्बन्धी बिभिन्न दिवसहरु मनाई चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- संघ तथा प्रदेशको मापदण्ड अनुरुप नगर अस्पताल स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ र सो कार्यका लागी बिभिन्न संघ संस्थाहरुको सहयोग समेत लिईनेछ ।
- महिला , बालबालिका तथा जेष्ठ नागरिकहरुका लागी बिशेषज्ञ शिबिरहरु तथा घुम्ति सेबा संचालन गरिनेछ ।
- असाहय, गरिब, विपन्न परिवारलाई औलो, डेङ्गु, मलेरिया जस्ता सरुवा रोगहरुबाट जोगाउन सुपानेट (झुल) वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा बाल क्लब/ ने.जु.रे.सका बालबालिकालाई प्राथमिक उपचार/सम्बन्धी तालिम र प्राथमिक उपचार सामाग्री सहितको किटबक्स वितरण गरिनेछ ।
- न.पा. भित्रका एच आई भी (HIV) संक्रमितहरुलाई भत्ताको व्यवस्था गरिनेछ ।
- जनयुद्ध र ०६२/६३ का जनआन्दोलनका शहिद, बेपत्ता, घाइते, अपाङ्ग परिवारलाई औषधी उपचार तथा शिक्षामा विशेष सहयोग कार्यक्रम गरिनेछ ।

## पशु सेवा

- पशुपालन ब्यवशायलाई ब्यवशायिकरण, आधुनिकिकरण, बिबिधिकरण, बजारीकरण र यान्त्रिकरण गरी आयात पर्तिस्थापन गर्ने, आत्मनिर्भर हुदै निर्यातको दर बढाउने, रोजगारी स्थापना गर्ने, सम्मानित पेशाको रुपमा विकास गरिनेछ ।
- कृषकको गोठ, खोर सेवा कार्यक्रमलाई अझ प्रभावकारी र ससक्त बनाईनेछ ।

- नयाँ पशुपालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छी श्रोतकेन्द्रको रुपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छी जन्य बस्तु दुध, फुल, मासुको उत्पादनमा थप बृद्घि गरिनेछ । एक वडा एक उत्पादनको नीति लिई प्रत्येक वडामा पकेट विस्तार गर्दै लगिनेछ ।
- ब्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन, पुराना फार्मको सुरक्षा तथा नयाँ फार्मको स्थापना र विस्तारमा उत्प्रेरित गर्न नगर प्रमुख युवा लक्षित फार्म प्रबद्र्घन कार्यक्रम लाई (बाख्रा, गाइर्, भैसी, बंगुर, कुखुरा, माछा) निरन्तरता दिईनेछ।
- पशुपन्छीमा फैलिने बिभिन्न रोगहरुको उपचारकालागि उपचार सेवा को विस्तार गर्न पशुस्वास्थ्य सेवा गाँउघर क्लीनिक कार्यक्रम तथा शिविर सेवा कार्यक्रमको निरन्तरता दिईनेछ ।
- पशु आहारामा सुधार गर्न तथा उत्पादन लागत कम गराउन मिनरल ब्लकको प्रयोग, स्थानिय स्तरमा दाना बनाई प्रयोग गराउने, घाँस खेती, घाँसको श्रोत केन्द्र विस्तार जस्ता कार्यक्रमको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- कृषि ऋणमा ब्याज अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशुपन्छी र कृषि तथा पशुपन्छी जन्य वस्तुको सिमापार खुला आयात निरुत्साहित गर्न पारिको हैन बारीको नीति लिई स्थानिय उत्पादनलाई प्रोत्साहन गरिनेछ । जसका लागि स्थानिय बाजार, हाँट बजार, माछा,मासु पसल लगायतमा स्थानिय उत्पादनलाई प्राथमिक्ता दिन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ ।
- पशुपन्छी मृत्यु दर न्युन गर्न, कृषकको पशुधन सुरक्षा गर्न उपचार तथा प्रयोगशाला सेवालाई थप प्रभावकारी बनाउनुका साथै पशु विमामा अनुदान कार्यक्रम लागु गरिनेछ ।
- पशु स्वास्थ्य तथा अन्य पशु सेवाका कार्यक्रमहरुलाई सबैको पहुचमा पुगाउने उदेश्यले पशु सेवा केन्द्र ढोढरी, पशु सेवा केन्द्र ओराली, वडा न. १, ५,६,८,९मा स्थापना भई सेवा समेत सञ्चालन भैरहेकोले थप प्रभावकारी बनाउन उक्त सेवा केन्द्रहरुको क्षमता अभिबृद्घि गरिनेछ ।
- पशुपन्छीबाट मानब स्वास्थ्यमा पर्ने असरलाई मध्य नजर गर्दै बिभिन्न जनचेतना मुलक कार्यक्रम, सुधारका कार्यक्रम, कृषकको दैनिकी सजिलो बनाउन यान्त्रिकरण कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।
- पशुपन्छीपालन क्षेत्रमा आई पर्ने बिभिन्न बेथिति, कालाबजारी र अन्य समस्याहरुलाई न्युनिकरण गर्न बजार अनुगमन तथा नियमन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशुपालन ब्यवशायबाट राम्रो उत्पादन तथा आम्दानी लिन उन्नत पशु पालन, कृत्रिम गर्भाधान मिसन कार्यक्रमहरुलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ।
- असहाय तथा बिपन्न परिवारका सदस्यहरुको समस्यालाई मध्यनजर गर्दै नगर उप–प्रमुख पशुपन्छी पालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- संघिय सरकारबाट सञ्चालन भएको एक गाँउ एक प्राबिधिक कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी हुने गरी आवश्यक साँझेदारी गरिनेछ ।
- पशु तथा पशुपन्छी जन्य उत्पादन बजारीकरणका लागि दुग्ध सहकारी तथा अन्य सहकारी, निजी डेरी, बुजड खाना तथा मासु पसल, कोल्ड स्टोर र अन्य निर्यातकर्ता लाई समन्वय, सहजीकरण तथा प्रोत्साहन कार्यक्रमको तर्जुमा गरिनेछ ।

- मधुवन नगरपालिकाको कृषि तथा पशुपालन क्षेत्रको समग्र विकासका लागि संघिय सरकार, प्रदेश सरकार, अन्य दातृ निकाय, सँघसँस्था, निजी क्षेत्र, कृषि क्षेत्रका सहकारी, बितिय क्षेत्र सँग आवश्यक समन्वय तथा साँझेदारी गरिनेछ ।
- साना किसान कृषि सहकारी संस्थाहरुबाट पशु सम्बन्धी कार्यक्रम संचालन भएकोमा कृषकले जम्मा गर्नु पर्ने रकममा केहि सहायता रकम उपलब्ध गराईनेछ ।
- भैसीपालक किसानका लागी भैसी वृदि गर्नु पर्ने भएकाले भैसी सुत्केरी हुदा कृषकलाई प्रोत्साहन गरिनेछ ।

# कृषि सेवा

- कृषिको दिगो उत्पादन र विकासका लागी खाद्यान्न ,दलहन तेलहन ,आलु तरकारी तथा बेसार बालीमा बीज बृद्धि तथा उत्पादन वृद्धिका लागी पकेट विकास कार्यक्रम मार्फत नगरपालिकालाई बीउमा आत्मनिर्भर बनाउन उत्पादनमा कृषक समूह ,सहकारी, नीजि क्षेत्र स्थानिय, प्रदेश सरकार र संघिय सरकारको सहकार्यमा पकेट कार्यक्रम संचालन गरिनेछ ।
- कृषि प्रसार तथा प्राविधिक सेवा कृषकको खेत र फर्म सम्म सहज पहुँचका लागी प्राविधिक जनशक्ति ,कृषि सेवा केन्द्र , प्रविधि प्रर्दशनी, तालिम, कृषकको ज्ञान , सीप र क्षमता बृद्धि गर्दै कृषि प्रसार सेवालाई प्रभावकारी बनाउदै लगिनेछ ।
- नगर नमुना गाँउ कृषि विकास कार्यक्रमलाई प्रत्येक बर्ष थप गरिदै लगिनेछ ।
- वागवानी विकास कार्यक्रम अन्तरगत मौषमी तथा बेमौषमी तरकारी उत्पादन ,नमुना नर्सरी, फलफुल बगौचा विस्तार , नमुना घरवारी करेशावारी कार्यक्रम मार्फत कृषकको षोषण तथा आर्थिक विकासमा जोड दिने कार्यक्रम ल्याइनेछ ।
- माटो व्यवस्थापनका लागी ,माटोको उर्वरा शक्ति कायम राख्दै ,माटो परिक्षण ल्याब सेवा, कम्पोष्ट मल, झोल मल तथा ढैचाको प्रयोग कृषकको पहुँच बृद्धि गर्न यस सम्बन्धी कार्यक्रम संचालन गर्दा माटोको स्वास्थ्य लाई ध्यान दिदै दिगो उत्पादन र उत्पादकत्व बृद्धि सुनिश्चता गरिनेछ ।
- वाली संरक्षण प्रयोगशाला सेवा, प्लान्ट क्लिनिक सेवा, आई.पि.एम पाठशाला कार्यक्रम मार्फत, रासायनिक विषादीको बैकल्पिक प्रयोग तथा मानव स्वास्थ सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालनमा जोड दिइनेछ ।
- जग्गा खन्डिकरण रोक्न र लागत कम गर्न चक्लाबन्दी खेति कार्यक्रम संचालनका लागी सम्भावित अध्ययन गरि सरोकारवाला निकाय संग सहकार्य तथा पहल गरी कार्यक्रम संचालन गरिनेछ ।
- कृषिको आधुनिकिकरण, व्यवसायिकरण तथा बजारीकरण गर्न साना कृषि औजार उपकरण, साना सिचाई, युवाउद्यमी व्याज अनुदानमा सहुलियत कृषि कर्जा जस्ता कार्यक्रममा कृषकको पहुचमा बृद्धि गरिदै लगिनेछ ।
- कृषि बजार बिकास तथा प्रर्वद्धन गर्न कृषि हाट बजार ,संकलन केन्द्र ,कोल्ड स्टोर, कृषि वस्तु ढुवानी सेवाका लागी कृषि एम्बुलेन्स जस्ता सेवा कृषकको पहुच बृद्धि सम्बन्धि कार्यक्रम ल्याइनेछ ।
- कृषि जन्य वस्तुहरुको क्षति न्युनिकरण गर्न किसानहरुलाई पोष्टहाभेष्ट सम्बन्धि तालिम र तरकारी तथा फलफूलजन्य लाई प्रशोधन तथा बजारीकरणमा जोड दिइनेछ ।

# आर्थिक प्रशासन तथा राजस्व परिचालन

- स्थानीय तह अन्तरगत आर्थिक प्रशासनमा सन्चालित सफ्टवेयर सुत्र (SUTRA) प्रणालीबाटै बजेटिङ्ग तथा लेखाङ्कन गरी व्यवस्थित गरिनेछ ।

- वित्तीय प्रतिवेदन तथा लेखांकनलाई नेपाल सरकारले तोकिएको ढाँचामा राखी थप व्यवस्थित गरिनेछ ।
- प्रक्षेपण गरिएको बजेटको अधिकतम उद्धेश्य हासिल गर्दै जनतालाई अधिकतम लाभ प्राप्त गर्नका लागी विनियोजित बजेट र वास्तविक खर्चलाई तुलना गरी मात्र रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- पुँजीगत खर्च वृद्धिका लागी प्रत्येक चौमासिक विभाजन गरी चौमासिक रुपमै खर्च गर्नुपर्ने वाध्यकारी व्यवस्था सिर्जना गरी तेस्रो चौमासिकमा मात्र हुने खर्चलाई नियन्त्रण गरिनेछ ।
- पुँजीगत खर्च वृद्धिका लागी योजना तयार गरिनेछ ।
- सरकारी खर्चमा मितव्ययीता तथा फजुल खर्च नियन्त्रणका लागी आर्थिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयनमा ल्याईनेछ ।
- बक्यौता, बेरुजु एवं पेश्की फर्छ्यौट गर्ने कार्यलाई प्रभावकारीरुपमा संचालन गरि असुल उपर गर्नु पर्ने रकम कडाईका साथ् असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइने छ।
- आर्थिक क्रियाकलापलाई चुस्त दुरुस्त तथा सबैको पहुँच सुनिश्चित गर्नका लागी विद्धुतीय प्रणालीलाई अवलम्बन गरी थप प्रभावकारी बनाईनेछ ।
- प्रत्येक वर्ष तयार गरिने वार्षिक विकास कार्यक्रमलाई कार्यमुलक तथा अधिक कार्यान्वयन गर्नका लागी आवश्यक योजना बनाई नतिजामुलक बनाइनेछ ।
- नगर स्तरीय राजश्व परामर्श समिति तथा राजश्व प्रक्षेपण सम्बन्धि सम्भाव्यता अध्ययन प्रतिबेदनमा उल्लेखित सुझाब एबं सिफारिसलाई नगरपालिकाको राजश्व नीतिको आधारको रुपमा अवलम्बन गरिनेछ ।
- आन्तरिक श्रोतका कर,शुल्क , महशुल असुली व्यवस्थापनलाई प्रभावकारी बनाई नगर विकासको गतिलाई दिगो र भरपर्दो बनाउनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिईनेछ ।
- आन्तरिक राजश्व अभिबृदीका लागि सार्वजनिक निजि साझेदारी अन्तर्गत व्यवसाय कर, पसल घर जस्ता क्षेत्रमा भएको सार्वजनिक निजि साझेदारीको प्रयासलाई निरन्तरता प्रदान गरिने छ ।
- नगरको आन्तरिक श्रोत अभिवृद्धि गर्न करको दायरा वृद्धि गरी प्रत्येक वर्ष सवै भन्दा वढि कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

## पर्यटन

- मधुवन नगरपालिकालाई धार्मिक तथा पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ।
- मधुवन न.पा. को कुमराघाट क्षेत्रलाई छनौट गरी फनपार्क तथा पिकनिक स्थलको रुपमा विकास गर्न यसै आ.ब. बाट निर्माण कार्य अगाडी बढाइनेछ ।
- मधुवन न.पा. भित्र रहेका डल्ला होम स्टे, खाता करिडोर, नेपालको सबै भन्दा लामो पुल कर्णाली गेरुवा पुल, कोठियाघाट, भगरैया ताल, ताराताल ताल र श्रीकैडा ताललाई व्यवस्थित गरिनेछ ।

## वातावरण तथा विपत् व्यवस्थापन

- मानव तथा वन्यजन्तु विचको 4G4 न्युनिकरण गर्न सम्भावित स्थानमा तारबारको व्यवस्था गरिनेछ ।

- जंगली जनावरको जोखिम भएको जंगल क्षेत्रमा घाँस, दाउरा गर्न जान पर्ने वाध्यतालाई न्यूनिकरण गर्न नगरवासीहरुलाई डालेघाँस, गोबरग्यास र सुधारिएको चुलो जस्ता बैकल्पिक कार्यक्रमलाई संचालन गरिनेछ ।
- वनको दिगो विकास सम्बन्धी स्थानीय मापदण्ड तयार गरी पालिका भित्रका सबै वन क्षेत्रमा दिगो वन व्यवस्थापन कार्यक्रम लागु गरिनेछ ।
- "एक सामुदायिक बन, एक उद्धान, एक पानी पोखरी" को अभियान सन्चालन गरि पर्यापर्यटनमा टेवा पुर्याउने र जैविक विविधताको संरक्षण गरिनेछ ।
- संघ, प्रदेश र स्थानिय तहको सहकार्य दिगो वन व्यवस्थापन तथा वन उद्धयम विकास कार्यक्रम संचालन गरिनेछ ।
- पालिका स्तरमा वन व्यवस्थापन सूचना प्रणालीको विकास गरी लागु गरिनेछ ।
- सामुदायिक उपभोक्ता महासंघबाट संघ तथा प्रदेश सरकारले तोके बमोजिम राजश्व शुल्क करलाई एक द्वार प्रणाली अनुसार स्थानीय सरकारबाट उठाई स्थानिय स्तरमा मानव विकास गरि वनको दिगो विकास, संस्थागत शुद्धिकरण र वन उद्धयम प्रर्वधनमा लगानी गरिनेछ ।
- सडक, नदी किनारा, सार्वजनिक स्थान र प्रत्येक नीजि घरधनीले वार्षिक रुपमा कम्तीमा एक विरुवा वृछ्यारोपण कार्यक्रम संचालन गरिनेछ । यसकार्यका लागी आवश्यक पर्ने विरुवा तयार गरी फलफुल, पुष्पजन्य, कृषिजन्य विरुवा उत्पादन गर्ने व्यवस्था गरिनेछ ।
- विपद्बाट हुन सक्ने क्षतिको तत्काल उद्धार, राहत र पुनर्स्थापनाको लागी आवश्यक जनशक्ति,सामाग्री र श्रोतको व्यवस्थापन गरिनेछ ।
- विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका लागि नगर आपतकालिन कार्य सन्चालन केन्द मार्फत प्रतिकार्य योजनाहरु सन्चालन गरिनेछ ।

## सहकारी विकास

- सहकारी ऐन नियम अनुसार स्थापना भएका उद्धेश्य अनुरुप संचालन हुन नसकेका २ वा २ भन्दा बढी सहकारीहरु वीच सामान्जस्यता अभिवृद्धि गरी मर्जको नीति अवलम्वन गरी सहकारीलाई सदृढिकरणका लागी प्रयास गरिनेछ ।
- सबै सहरकारी लाई चुस्त दुरुस्त बनाउन सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली – कोपोमिस (COPOMIS ) मा आबद्ध गरी यस मधुवन नगरपालिका भित्रका सहकारी संस्थाहरुका आर्थिक तथा वित्तिय क्रियाकलापहरुलाई थप व्यवस्थित गरिनेछ । साथै सहकारी संस्थाका कर्मचारीलाई कोपोमिस (COPOMIS) तालिमको व्यवस्था मिलाईनेछ ।
- सहकारी संस्थाको नियमन र निरिक्षणलाई प्राथमिकता दिईनेछ ।
- सर्वसुलभ रासायनिक मलखादको व्यवस्थापनका लागी सहकारी संस्थाहरु मार्फत व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- वीउ विजन उत्पादन तथा बजारीकरणका लागी न.पा. लाई आत्मनिर्भर गराईनेछ ।
- सहकारीका सदस्यहरुलाई सहकारी सम्बन्धी ज्ञान, शीप र तालिमको व्यवस्था गरिनेछ ।
- सहकारी मार्फत अति विपन्न परिवारलाई आयआर्जन तथा प्रवर्धन गरिनेछ ।

## सार्वजनिक सेवा प्रवाह

- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, जनमुखी तथा चुस्तदुरुस्त बनाउनका लागी रणनीतिक योजना तयार गरिनेछ ।

- नागरिक बडापत्र, विद्धुतिय सूचना प्रणालीको मार्फत सार्वजनिक सेवा प्रवाहलाई जनअपेक्षामुलक तथा अनुमानयोग्य बनाईनेछ ।
- सार्वजनिक सेवा प्रवाहमा सरल पहुँच सुनिस्चितताका लागी टोकन प्रणाली, गुनासो सुनुवाई तथा सूचना अधिकारीलाई थप जिम्मेवार बनाईनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरिय तथा पहुँचयोग्य बनाउनका लागी सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सुचना तथा गतिविधी सार्वजनिकीकरण गरिनेछ ।

## जनशक्ति तथा क्षमता विकास

- नगरपालिकाका कार्यरत कर्मचारीको क्षमता विकासमा विशेष ध्यान दिई प्रविधी र समायानुकुल जनशक्ति उत्पादनका लागी आवश्यक क्षमता विकास योजना विकास गरिनेछ ।
- कार्यरत जनशक्तिलाई प्रभावकारी बनाई अधिक कार्यमुलक तथा नतिजामुलक कार्यमा सुधार ल्याउनका लागी कर्मचारी तालिम दिईने व्यवस्था गरिने छ ।
- कर्मचारीलाई उत्प्रेरणा तथा काम प्रति रुची ल्याउनका लागी विशेष व्यवस्था गरिनेछ ।

## सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता

- बैकिङ्ग प्रणालीमा आधारित सामाजिक सुरक्षा भत्ता वितरणलाई थप सहज र सुदृढ गरिनेछ ।
- स्थानिय पञ्जिकाधिकारी (वडा सचिब) हरुलाई अभिमुखिकरण तालिम प्रदान गरी कार्य दक्षतामा सुधार गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी गुनासो सुनुवाईलाई थप प्रभावकारी बनाउन अनलाईन गुनासो व्यवस्थापन प्रणाली (GMS) लागु गरिनेछ
- व्यक्तिगत घटनादर्ताका पुराना अभिलेखहरुको डिजिटाइजेसन गर्ने कार्यलाई पुर्णता दिइनेछ ।
- बडघर प्रथालाई व्यवस्थित गराई उचित व्यवस्थापन गरिनेछ ।

## महिला बालबालिका तथा जेष्ठ नागरिक

- बेरोजगारीको अवस्थामा रहेका महिलाहरुलाई सिपमुलक एवम आयमुलक तालिम को माध्यमबाट घरेलु तथा कुटिर उद्योगधन्दामा संलग्न हुने अवसर प्रदान गरी उद्यमशिलता विकाश , आत्मनिर्भर र सक्षम हुन कार्यक्रम सञ्चालन गरिनेछ ।
- दिगो विकाशका लागी समान अवसर र नेतृत्वदायी भुमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न नगरका अन्य विषयगत शाखाहरु संग समन्वय र सहकार्य मार्फत लक्षित कार्यक्रम थप प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ ।
- बालबालिका तथा किशोर किशोरीहरुलाइ सबै प्रकारको हिंसा दुव्र्यवहार र शोषणबाट मुक्त गराउदै उनिहरुको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरिकको रुपमा विकाश गर्न सोहि अनुसारका कार्यक्रम सञ्चालन गर्ने निति लिइनेछ ।
- जेष्ठ नागरिकमा रहेका ज्ञान सिप, सिर्जना, संस्कार र अनुभव नगर क्षेत्रको विकाशमा प्रयोग गर्न ज्येठ नागरिक लक्षित कार्यक्रमलाइ थप प्रभावकारी बनाइने छ ।
- प्रदेश र स्थानिय तहको साझेदारीमा कार्यविधी तथा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

- अपाङ्गता भएका ब्यक्तिहरुलाई उनिहरुको रुची र चाहना अनुसारको सीप तथा व्यवशायिकता विकास तालिम गराइनेछ ।
- महिला हिंसा, मानव बेचविखन तथा ओसारपोसारको जोखिम कम गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक विभेद तथा सबै प्रकारका कुरीति र कुसंस्कारका अन्त्यका लागी विभिन्न अभियानमूलक कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्ग, असाहय, वृ4 बुवाआमाहरुलाई सहयोग तथा सम्मान कार्यक्रम गरिनेछ । अपाङ्ग र अशक्तहरुका निमित्त घरदैलोमा पुगि सेवा प्रवाह गरिनेछ ।

## न्यायिक समिती

- घरेलु हिंसामा परेका महिलाहरुको संरक्षणका लागी नगर सेवा केन्द्र स्थापना गरी संचालन गरिनेछ ।
- सबै वडाहरुमा रहेका मेलमिलापकर्ताहरुको कार्यलाई प्रभावकारी बनाउन मेलमिलाप केन्द्रको व्यवस्थापन गरिने छ ।
- न्यायिक समितीमा परेका देवानी प्रकृतिको उजुरीहरुको अध्ययन गरी न्याय निरुपणमा तिब्रता ल्याइने छ ।
- महिलाहरुका लागी विभिन्न नेतृत्व विकास तालिम संचालन गरिने छ।
- न्यायिक समितीका पदाधिकारीहरु, मेलमिलापकर्ता र बडघरहरुको समेत न्याय सम्पादन कार्यमा क्रियाशिलता बढाउन क्षमता अभिवृद्धि तालिम सन्चालन गरिनेछ।
- मेलमिलाप सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
- हिसां पिडित महिलाहरुलाई कानुनी सहायताका लागी सहयोग गरिनेछ ।

## रोजगार सेवा

- रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मार्फत श्रमबजारमा रहेका श्रमिकहरुको सीप र क्षमताको उपयोग गर्न  सहज हुने गरी उनीहरुको व्यक्तिगत विवरण रहेको श्रम सुचना बैक स्थापना गरिनेछ .
- प्रधानमन्त्री रोजगार कार्यक्रम “युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना Æ मार्फत  ६६ जना युवालाइ कार्य स्थलमा आधारित सीप मुलक तालिम तथा ५० दिनको रोजगारी उपलब्ध गराइने छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम “कामका लागि पारिश्रमिकतामा अधारित सामुदायिक आयोजनाÆ मार्फत सार्वजनिक विकास निर्माण कार्य श्रममुलक प्रविधिबाट कार्यान्यवन गरिनेछ।
- विपन्न नागरिकलाई मर्यादित रोजगारी प्रदान गर्न प्राथमिकताक्रममा परेका २३८ जना वेरोजगार लाई १०० दिनको रोजगारी सुनिश्चित गरिने छ ।
- रोजगारदाता र श्रमिक विच असल श्रम सम्बन्ध विकास गरिनेछ।
- स्थानीय स्तरमा संचालन हुने भौतिक पुर्वाधार निर्माण आयोजना तथा कार्यक्रममा काममा  लगाउँदा रोजगार सेवा केन्द्रमा सूचिकृत विपन्न बेरोजगार व्यक्तिलाई प्राथमिकताक्रम अनुसार क्रमश काममा लगाईने छ ।
- संघीय सरकारबाट योजनाहरुको लागी श्रमिकको ज्यालाको रकम मात्र विनियोजन भएकाले योजनाहरुमा आवश्यक पर्ने निर्माण सामाग्रीको व्यवस्था गरिनेछ ।
- स्थानीय भेषभुषा र संस्कृतिलाई जोगाई राख्न विभिन्न शीपमुलक तालिम प्रदान गरी आयआर्जनमा वृद्धि गरिनेछ ।
- कोभिड १९ का कारण विदेशबाट फर्किएका वेरोजगार यूवालाई लक्षित गरी विभिन्न शीपमुलक तालिम तथा कार्यक्रमहरु सन्चालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई

- नगर भित्र निस्काशन हुने फोहोर अन्तिम बिसर्जन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरुसंगको सहकार्यमा नमुना क्षेत्र छनौट गरि कार्यक्रम संचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनमा निजि क्षेत्रको सहभागितालाई प्रर्वधन गर्न सार्वजनिक नीजि साझेदारी आवधारणा अनुरुप फोहोर व्यवस्थापन सम्बन्धि कार्य नीजि क्षेत्रमा हस्तान्तरण गर्दै जाने नीति अङ्गीकार गरिनेछ ।
- न.पा. भित्रका सबै वडामा संघीय सरकार, प्रदेश सरकार साथै स्थानिय तहका खानेपानी उपभोक्ता समितिहरुसँग समन्वय गरी सबै वडामा खानेपानी ट्याङ्की सहितको स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ ।
- खानेपानी तथा सरसफाई सम्बन्धी विस्तृत योजना (वास प्लान) बनाई खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु सन्चालन गरिनुको साथै नगर क्षेत्र खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेको हुदा पुर्ण सरसफाई सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ ।

**आदरणीय नगरसभा सदस्य ज्यू हरु अब म मधुवन नगरपालिकाको आ.ब.२०७८/०७९ को लागि अनुमानित आय, व्यय र बजेटको साराशं प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**मधुवन नगरपालिकाको**
**आ.ब. २०७८/२०७९ का लागि अनुमानित आय, व्यय**

| क्र.स | आम्दानी विवरण (श्रोत) | रकम | क्र.स | खर्चको विवरण (विषयगत क्षेत्र) | बजेट सिमा |
|---|---|---|---|---|---|
| १ | संघिय समानिकरण अनुदान | १४,६९,००,००० | १ | चालु खर्च | ९,५०,००,००० |
| २ | संघिय राजश्व बाँडफाड | ९,७५,१४,००० | २ | पुजीगत खर्च | २२,७६,८६,००३ |
| ३ | संघिय सशर्त अनुदान | २४,०६,००,००० | ३ | संघिय शशर्त अनुदान | २४,०६,००,००० |
| ४ | संघीय विशेष अनुदान | १,४२,००,००० | ४ | संघीय विशेष अनुदान | १,४२,००,००० |
| ५ | संघीय समपुरक अनुदान | १,४३,००,००० | ५ | संघीय समपुरक अनुदान | १,४३,००,००० |
| ६ | प्रदेश समानिकरण अनुदान | ६९,७२,००० | ६ | प्रदेश शशर्त अनुदान | १,१५,४४,००० |
| ७ | प्रदेश राजश्व बाडफाड | ८८,००,००३ | ७ | प्रदेश बिशेष अनुदान | ७०,००,००० |
| ८ | प्रदेश सशर्त अनुदान | १,१५,४४,००० | ८ | प्रदेश समपुरक अनुदान | २,००,००,००० |
| ९ | प्रदेश विशेष अनुदान | ७०,००,००० | ९ | सामाजिक सुरक्षा कार्यक्रम | १८,००,००,००० |
| १० | प्रदेश समपुरक अनुदान | २,००,००,००० | १० | सडक बोर्ड नेपाल | २५,००,००० |
| ११ | सामाजिक सुरक्षा कार्यक्रम | १८,००,००,००० | ११ | अस्पताल निर्माण | १,५०,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सडक बोर्ड | २५,००,००० | १२ | पि.एल.जि.सि.डि.पी.. | ३,६१,००० |
| १३ | पि.एल.जि.सि.डि.पी | ३,६१,००० | | | |
| १४ | अस्पताल निर्माण | १,५०,००,००० | | | |
| १५ | आन्तरीक आय | ६,२५,००,००० | | | |
| | जम्मा आय | ८२,८१,९१,००३ | | जम्मा खर्च | ८२,८१,९१,००३ |

**बजेटको साराशं**

आ.ब. २०७८।०७९ का लागी जम्मा रु  ८२ करोड ८१ लाख ९१ हजार ३ रुपैया को अनुमानित बजेट प्रस्तुत गरेको छु ।

प्रस्तुत बजेट मध्ये संघिय समानिकरण अनुदान बाट रु १४ करोड ६९ लाख, संघिय राजश्व बाँडफाड बाट रु ९ करोड ७५ लाख १४ हजार, संघीय सशर्त अनुदान रु २४ करोड ६ लाख, संघीय विशेष अनुदान रु १ करोड ४२ लाख, संघीय समपुरक अनुदान रु १ करोड ४३ लाख, प्रदेश समानिकरण अनुदान बाट रु ६९ लाख ७२ हजार, प्रदेश राजश्व बाडफाँड बाट रु ८८ लाख ३ रुपैया , प्रदेश सशर्त अनुदान रु १ करोड १५ लाख ४४ हजार , प्रदेश विशेष अनुदान बाट रु ७० लाख, प्रदेश समपुरक अनुदान बाट रु २ करोड, सामाजिक सुरक्षा कार्यक्रम बाट रु १८ करोड, सडक बोर्ड बाट रु २५ लाख, पि.एल.जि.सि.डि.पी (PLGCDP) बाट ३ लाख ६१ हजार, अस्पताल निर्माण बाट रु १ करोड ५० लाख र आन्तरीक आय बाट ६ करोड २५ लाखको श्रोतगत अनुमान गरी जम्मा रु ८२ करोड ८१ लाख ९१ हजार ३ रुपैया बजेट प्रक्षेपण गरिएको छ ।

प्रक्षेपित बजेट मध्ये चालु खर्च तर्फ ९ करोड ५० लाख, पुँजीगत खर्च तर्फ २२ करोड ७६ लाख ८६ हजार ३ रुपैया, संघीय सशर्त अनुदान रु २४ करोड ६ लाख, संघीय विशेष अनुदान रु १ करोड ४२ लाख, संघीय समपुरक अनुदान रु १ करोड ४३ लाख, प्रदेश सशर्त अनुदान रु १ करोड १५ लाख ४४ हजार, प्रदेश विशेष अनुदान तर्फ रु ७० लाख, प्रदेश समपुरक अनुदान तर्फ रु २ करोड, सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु १८ करोड, सडक बोर्ड तर्फ रु २५ लाख, अस्पताल निर्माण तर्फ रु १ करोड ५० लाख, पि.एल.जि.सि.डि.पी (PLGCDP) तर्फ ३ लाख ६१ हजार गरी जम्मा रु ८२ करोड ८१ लाख ९१ हजार ३ रुपैया खर्च प्रक्षेपण गरिएको छ ।

अन्त्यमा नगरको विकासको लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान, मार्गदर्शन र सुझाव प्रति आभार व्यक्त गर्दछु । साथै नगरको विकास र सम्वृद्धिमा निरन्तर सहयोग र बजेट निर्माण तर्जुमा गर्ने क्रममा साथ सहयोग र सहकार्यका साथै सकारात्मक सुझाव प्रदान गर्नु हुने जनप्रतिनिधीहरु, राजनैतिक दलका मित्रहरु , आम नागरिक, शिक्षक गुरुवर्ग, समाजसेवी, पत्रकार, युवा वर्ग, महिला अधिकारकर्मी, करदाता, सरकारी, गैरसरकारी, सामुदायिक संस्थाहरु तथा राष्ट्रसेवक कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दै नीति, कार्यक्रम तथा बजेट को सफल कार्यान्वयनका लागि सहयोगको अपेक्षा गरेकी छु ।

धन्यवाद ।

**सुवरानी थारु**
**उपप्रमुख**
**मधुवन**

**नगरपालिका, बर्दिया**

**मिति : २०७८।०३।१०**